**आकाशवाणी समाचार- नेपाली**

मितिः १४ जनवरी २०२६

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

1. फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनका कूटनीतिक सल्लाहकार इमानुएल बोनले हिजो नयाँ दिल्लीमा प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेट गर्नु भयो।

2. राष्ट्रमण्डलका अध्यक्षहरु र पीठासीन अधिकारीहरूको २८ औं सम्मेलन - **सी.एस.पी.ओ.सी.** आज नयाँ दिल्लीमा सुरु हुँदैछ। प्रधानमन्त्री नरेन्द्र मोदीले संविधान भवनको ऐतिहासिक केन्द्रीय हलमा सम्मेलनको उद्घाटन गर्नुहुनेछ।

3. विदेशमन्त्री एस. जयशंकरले हिजो अमेरिकी विदेशमन्त्री मार्को रुबियोसँग व्यापार, महत्वपूर्ण खनिज, परमाणु ऊर्जा र रक्षाका क्षेत्रमा सहयोगमा केन्द्रित टेलिफोन वार्ता गर्नुभयो।

4. आज देशभरिमा मकर संक्रान्ति पर्व ठूलो उत्साहका साथ मनाइँदैछ।

5. महिला प्रिमियर लिग क्रिकेटमा हिजो मुम्बई इन्डियन्सले गुजरात जायन्ट्सलाई सात विकेटले पराजित गऱ्यो।

**प्रधानमन्त्री - बोन**

फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनका कूटनीतिक सल्लाहकार इमानुएल बोनले हिजो नयाँ दिल्लीमा प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेट गर्नु भयो। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै श्री मोदीले भन्नु भयो, उहाँहरूले बलियो र विश्वसनीय भारत-फ्रान्स रणनीतिक साझेदारीको बारेमा छलफल गर्नु भयो। विशेष गरी भारत र फ्रान्सले नवप्रवर्तनको वर्ष मनाइरहेका बेला प्रधानमन्त्रीले भारत र फ्रान्सबीच नवप्रवर्तन, प्रविधि र शिक्षाको क्षेत्रमा सहयोग बढिरहेकोमा सन्तुष्टि व्यक्त गर्नु भयो। श्री मोदी र श्री बोनले प्रमुख क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूमा पनि विचार आदानप्रदान गर्नु भयो। श्री मोदीले फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनलाई चाँडै भारतमा स्वागत गर्न आफू उत्सुक रहेको बताउनु भयो।

**सी.एस.पी.ओ.सी. - सम्मेलन**

राष्ट्रमण्डलका अध्यक्षहरु र पीठासीन अधिकारीहरूको २८ औं सम्मेलन - **सी.एस.पी.ओ.सी.** आज नयाँ दिल्लीमा सुरु हुँदैछ। यस तीन दिने सम्मेलनमा ६० भन्दा बढी राष्ट्रमंडल देशहरु र अर्ध-स्वायत्त संसदहरुको अध्यक्ष र पीठासीन अधिकारीहरुले भाग लिनेछन्। यसको उद्देश्य संसदीय लोकतन्त्रका विभिन्न रूपहरूको ज्ञान र बुझाइलाई प्रवर्द्धन गर्नु र संसदीय संस्थाहरूको विकास गर्नु हो। लोकसभाका अध्यक्ष ओम बिरला सम्मेलनका अध्यक्ष हुनुहुन्छ। सम्मेलनको पहिलो दिन आज स्थायी समितिको बैठक बस्नेछ। २८ औं सम्मेलनका अध्यक्षको रूपमा श्री बिरलाले स्थायी समितिको बैठकको अध्यक्षता गर्नुहुनेछ। प्रधानमन्त्री नरेन्द्र मोदीले संविधान भवनको ऐतिहासिक केन्द्रीय हलमा सम्मेलनको उद्घाटन गर्नुहुनेछ। श्री मोदीले राष्ट्रमण्डल र अर्ध-स्वायत्त संसदहरूका अध्यक्ष र पिठाससीन अधिकारीहरूसँग अनौपचारिक अन्तरक्रिया पनि गर्नुहुनेछ। सम्मेलनको क्रममा, संसदमा एआईबारे छलफल गरिनेछ।

**बाइट**

**बिरला - दक्षिण अफ्रिका प्रतिनिधिमण्डल**

लोकसभा अध्यक्ष ओम बिरलाले हिजो दक्षिण अफ्रिका र ग्रेनाडाका संसदीय प्रतिनिधिमण्डलहरूसँग भेट गर्नुभयो। प्रतिनिधिमण्डलहरू नयाँ दिल्लीमा आयोजित २८ औं राष्ट्रमंडल अध्यक्ष एवं पीठासीन अधिकारी सम्मेलनमा भाग लिन भारतमा छन्। यस अवसरमा प्रतिनिधिमण्डलहरूले श्री बिरलासँग लोहरी पर्व मनाए र अग्नि पूजाको परम्पराको अवलोकन गरे। लोकसभा अध्यक्षले भारतीय चाडपर्व र सांस्कृतिक संवादले विश्वव्यापी भ्रातृत्व, पारस्परिक सम्मान र मानवीय मूल्यहरूलाई बलियो बनाउने बताउनु भयो। प्रतिनिधिमण्डलको नेतृत्व दक्षिण अफ्रिकी संसदको राष्ट्रिय प्रान्त परिषद्का उपाध्यक्ष एल. गोभेन्डर, उपाध्यक्ष डा. एनली लाउट्रिएट र ग्रेनाडाको सिनेटका अध्यक्ष डा. देसिमा विलियम्सले गर्नु भएको थियो। बैठकको क्रममा, भारत र दक्षिण अफ्रिकाबीच सौहार्दपूर्ण द्विपक्षीय छलफल भयो, जसमा लोकतान्त्रिक मूल्यमान्यता, संसदीय सहयोग र आपसी समझदारीलाई सुदृढ पार्न जोड दिइएको थियो। दुवै पक्षले ऐतिहासिक मैत्रीपूर्ण सम्बन्ध र रणनीतिक साझेदारीलाई अगाडि बढाउन आफ्नो प्रतिबद्धता दोहोऱ्याए। श्री बिरलाले महात्मा गान्धी र नेल्सन मण्डेलाको विरासतले दुई देशलाई लोकतन्त्र, सामाजिक न्याय र समावेशीकरणको मूल्यमान्यतामार्फत जोडेको बताउनु भयो। लोकसभा अध्यक्षले भारत र दक्षिण अफ्रिका बीचको सहयोगलाई दुई लोकतन्त्रबीचको विश्वास र साझेदारीको बलियो आधारको रूपमा वर्णन गर्नु भयो।

**जयशंकर-रुबियो वार्ता**

विदेशमन्त्री एस. जयशंकरले हिजो अमेरिकी विदेशमन्त्री मार्को रुबियोसँग व्यापार, महत्वपूर्ण खनिज, परमाणु ऊर्जा र रक्षाका क्षेत्रमा सहयोगमा केन्द्रित टेलिफोन वार्ता गर्नुभयो। श्री जयशंकर र श्री रुबियोबीचको यो वार्ता नवनियुक्त अमेरिकी राजदूत सर्जियो गोरले व्यापार मुद्दामा दुई पक्षबीच केही छलफल हुने बताउनु भएको एक दिनपछि भएको हो।श्री जयशंकरले श्री रुबियोसँग आफ्नो राम्रो कुराकानी भएको र उहाँहरू सम्पर्कमा रहन सहमत भएको बताउनु भयो। सामाजिक सञ्जालमा पोस्ट गर्दै श्री जयशंकरले अमेरिकी विदेशमन्त्री रुबियोसँग आफ्नो राम्रो कुराकानी भएको बताउनु भयो। दुवैले व्यापार, महत्वपूर्ण खनिज, परमाणु सहयोग, रक्षा र ऊर्जाबारे छलफल गर्नुभयो। उहाँले भन्नु भयो, उहाँहरू यी र अन्य मुद्दाहरूमा सम्पर्कमा रहन पनि सहमत भएका छन्।

**जयशंकर-रुबियो वार्ता**

विदेशमन्त्री एस. जयशंकरले हिजो अमेरिकी विदेशमन्त्री मार्को रुबियोसँग व्यापार, महत्वपूर्ण खनिज, परमाणु ऊर्जा र रक्षाका क्षेत्रमा सहयोगमा केन्द्रित टेलिफोन वार्ता गर्नुभयो। श्री जयशंकर र श्री रुबियोबीचको यो वार्ता नवनियुक्त अमेरिकी राजदूत सर्जियो गोरले व्यापार मुद्दामा दुई पक्षबीच केही छलफल हुने बताउनु भएको एक दिनपछि भएको हो।श्री जयशंकरले श्री रुबियोसँग आफ्नो राम्रो कुराकानी भएको र उहाँहरू सम्पर्कमा रहन सहमत भएको बताउनु भयो। सामाजिक सञ्जालमा पोस्ट गर्दै श्री जयशंकरले अमेरिकी विदेशमन्त्री रुबियोसँग आफ्नो राम्रो कुराकानी भएको बताउनु भयो। दुवैले व्यापार, महत्वपूर्ण खनिज, परमाणु सहयोग, रक्षा र ऊर्जाबारे छलफल गर्नुभयो। उहाँले भन्नु भयो, उहाँहरू यी र अन्य मुद्दाहरूमा सम्पर्कमा रहन पनि सहमत भएका छन्।

**राजनाथ - पूर्व सैनिक दिवस**

रक्षामन्त्री राजनाथ सिंह आज नयाँ दिल्लीमा १० औं सशस्त्र बल भूतपूर्व सैनिक दिवस समारोहमा सहभागी हुनु हुनेछ। भारतीय सेनाका प्रथम कमाण्डर-इन-चीफ फिल्ड मार्शल के.एम. करिअप्पाको विरासत र सेवाको सम्झनामा प्रत्येक वर्ष 14 जनवरीमा सशस्त्र बल भूतपूर्व सैनिक दिवस मनाइन्छ। फिल्ड मार्शल के.एम. करिअप्पा १९५३ मा यसै दिन अवकाशप्राप्त हुनु भएको थियो। फिल्ड मार्शल के.एम. करिअप्पा भारतीय सैन्य इतिहासमा एक उच्च व्यक्तित्व हुन्। उहाँले सेवा, अनुशासन र देशभक्तिको बलियो विरासतको जग बसाल्नु भएको थियो। सशस्त्र बल भूतपूर्व सैनिक दिवस देशभर ३४ राज्य सैनिक बोर्ड र ४३४ जिल्ला सैनिक बोर्डहरूद्वारा मनाइनेछ।

**धर्मेंद्र प्रधान - एन.आई.टी.एस.ई.आर.**

शिक्षामन्त्री धर्मेन्द्र प्रधानले हिजो नयाँ दिल्लीमा राष्ट्रीय प्रौद्योगिकी, विज्ञान शिक्षा र अनुसन्धान संस्थान परिषदको १३ औं बैठकको अध्यक्षता गर्नुभयो। बैठकमा श्री प्रधानले राष्ट्रीय प्रौद्योगिकी संस्थान **एन.आई.टी.** र भारतीय इंजीनियरिंग विज्ञान और प्रौद्योगिकी संस्थान **आई.आई.ई.एस.टी**मा शैक्षिक र अनुसन्धान मापदण्डहरू स्तरोन्नति गर्ने, शासन दक्षता बढाउने र नवप्रवर्तन र उद्यमशीलतालाई थप प्रवर्द्धन गर्ने सम्बन्धी प्रस्तुतीकरणहरूको समीक्षा गर्नुभयो।शिक्षामन्त्रीले यी संस्थानहरूमा प्रस्ताव गरिने पाठ्यक्रम राष्ट्रिय प्राथमिकताहरूसँग मिल्दोजुल्दो र उद्योग-केन्द्रित हुनुपर्छ भन्ने कुरामा जोड दिनुभयो। उहाँले उदीयमान रोजगार भूमिका र २१ औं शताब्दीको आवश्यकताहरूमा आधारित पाठ्यक्रम विकास गर्न संस्थानहरूलाई सक्षम बनाउन उद्योग-नेतृत्वको पाठ्यक्रम समिति स्थापना गर्न पनि सुझाव दिनुभयो। उहाँले **एन.आई.टी** र **आई.आई.ई.एस.टी** व्यावहारिक शिक्षा, अनुसन्धान, नवप्रवर्तन, र भविष्यका लागि तयार कार्यबल विकासको जीवन्त केन्द्र बन्न तयार रहेको बताउनुभयो। श्री धर्मेन्द्र प्रधानले देशका प्रमुख प्राविधिक संस्थानहरूलाई पनि एकल मान्यता ढाँचा अन्तर्गत ल्याउनुपर्ने बताउनु भयो।

**मकर संक्रान्ति**

आज देशभरिमा मकर संक्रान्ति पर्व ठूलो उत्साहका साथ मनाइँदैछ। मकर संक्रान्तिले जाडोको अन्त्य र लामो दिनको सुरुवातलाई जनाउँछ। यो पर्व देशका विभिन्न भागहरूमा फरक-फरक नामले चिनिन्छ। तमिलनाडुमा यसलाई पोंगल, गुजरातमा उत्तरायण, आसाममा भोगाली बिहु र पश्चिम बंगालमा पौष संक्रान्ति भनिन्छ।

**उत्तर प्रदेश - मकर संक्रान्ति**

मकर संक्रान्तिको अवसरमा उत्तर प्रदेशमा नदीहरूमा पवित्र स्नान गर्न हजारौं भक्तजन भेला भएका छन् । राज्य सरकारले तीर्थयात्रीहरूको सुरक्षाको लागि व्यापक व्यवस्था गरेको छ।
प्रस्तुत छ एक रिपोर्ट- **बाइट**

**गुजरात - उत्तरायण**

गुजरातमा आज उत्तरायण पर्व ठूलो उत्साह र हर्षोल्लासका साथ मनाइँदैछ। गुजरातमा यो पर्व रंगीन चङ्गा उडाएर मनाइन्छ। केन्द्रीय गृहमन्त्री अमित शाह उत्तरायणको अवसरमा गुजरातको तीन दिने भ्रमणमा हुनुहुन्छ। उहाँ अहमदाबादको ऐतिहासिक श्री जगन्नाथ मन्दिरको दर्शन गर्नु हुनेछ। श्री शाह पछि आफ्नो निर्वाचन क्षेत्रभित्रका विभिन्न स्थानहरूमा नागरिक र पार्टी कार्यकर्ताहरूसँग मिलेर चङ्गा महोत्सव मनाउनु हुनेछ। करुणा अभियानको एक भागको रूपमा राज्य सरकारले मकर संक्रान्ति अघि घाइते चराहरूको उपचार गर्न आठ हजार पांच सय कर्मचारीहरू खटाएको छ। राज्यका विभिन्न स्थानमा आयोजना भइरहेको अन्तर्राष्ट्रिय चङ्गा महोत्सवमा भाग लिन विश्वभरका सहभागीहरू गुजरात जाँदैछन्।
**बाइट**

**केरला-सबरीमाला**

केरलाको पहाडी तीर्थस्थल सबरीमालामा आज **मकर विलक्कु** पर्व मनाइनेछ। यस अवसरमा भक्तजनले **पोन्नमबालामेडु**मा रहेको मकर ज्योतिको दर्शन गर्नेछन्। यस पर्वमा भगवान अयप्पाको आभूषण र **थिरुवा भरणम**को साथमा जुलुससहित धेरै अनुष्ठानहरू समावेश हुनेछन्।हजारौं तीर्थयात्रीहरू पहिले नै स्थलमा पुगिसकेका छन्। **सन्निधानम** र मकरज्योति दर्शन स्थलहरूमा सुरक्षा कडा पारिएको छ र व्यस्त समयमा तीर्थयात्रीहरूको आवतजावतमा प्रतिबन्ध लगाइएको छ। आज भर्चुअल लाइनमार्फत केवल 30 हजार तीर्थयात्रीहरूलाई प्रवेश अनुमति दिइनेछ।

**एम.एन.आर.ई. - एस.ई.सी.आई.**

भारतीय सौर्य ऊर्जा निगम लिमिटेड **एस.ई.सी.आई**ले वित्त वर्ष २०२४-२५ को लागि नयाँ तथा नवीकरणीय ऊर्जा मन्त्रालयसँग हस्ताक्षर गरिएको समझदारी ज्ञापन अनुसार आफ्नो प्रदर्शनको लागि उत्कृष्ट रेटिंग प्राप्त गरेको छ। मन्त्रालयले यो मूल्याङ्कनले **एस.ई.सी.आई**को बलियो संस्थागत कार्यसम्पादन र वर्षभरि निर्धारित उद्देश्यहरूको प्रभावकारी कार्यान्वयनलाई प्रतिबिम्बित गरेको बताएको छ। यसले १०० मध्ये ९७.३६ अंक प्राप्त गरेको छ, जसले यसको परिचालन दक्षता, शासन मापदण्ड र भारतको नवीकरणीय ऊर्जा लक्ष्यहरूलाई अगाडि बढाउन योगदानलाई प्रकाश पार्छ।भारतीय सौर्य ऊर्जा निगम लिमिटेड देशमा नवीकरणीय ऊर्जा विस्तारमा केन्द्रित एक अग्रणी नवरत्न केन्द्रीय सार्वजनिक क्षेत्र उद्यम हो।

**क्रिकेट – डब्लूपीएल**

महिला प्रिमियर लिग क्रिकेटमा हिजो राति नवी मुम्बईको डा. डी.वाई. पाटिल स्पोर्ट्स एकेडेमीमा मुम्बई इन्डियन्सले गुजरात जायन्ट्सलाई सात विकेटले पराजित गऱ्यो। गुजरात जायन्ट्सले दिएको १९३ रनको लक्ष्यको जवाफमा मुम्बई इन्डियन्सले तीन विकेट बाँकी रहँदा र चार बल बाँकी रहँदा लक्ष्य हासिल गऱ्यो। कप्तान हरमन प्रीत कौरले ४३ बलमा अविजित ७१ रन बनाइन्। अमनजोत कौरले ४० रन बनाइन् भने निकोला केरी ३८ रनमा अविजित रहे। गुजरात जायन्ट्सका लागि रेणुका सिंह ठाकुर, काश्वी गौतम र सोफी डेभिनले एक-एक विकेट लिइन्।यसअघि, मुम्बई इन्डियन्सले टस जितेर बलिङ गर्ने निर्णय गरेको थियो। पहिले ब्याटिङ गर्दै गुजरात जायन्ट्सले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै १९२ रन बनायो। गुजरात जायन्ट्सका लागि जर्जिया वेयरह्यामले अविजित ४३ रन बनाइन् भने भारती फुलमालीले पनि अविजित ३६ रन बनाइन्। मुम्बई इन्डियन्सका लागि अमेलिया केर, निकोला केरी, शब्निम इस्माइल र हेली म्याथ्यूजले एक-एक विकेट लिए। हरमनप्रीत कौरलाई प्लेयर ऑफ द म्याच घोषित गरियो।